# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७८।१२।३० गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

गोदावरी नगरपालिका, कैलालीमा १३ वटा सडकका बिभिन्न निर्माण व्यवसायीबाट कार्य सम्पादन भएका ठेक्काहरुमा भुक्तान भएको परिमाण (Quantity) को स्थलगत निरीक्षणमा स्थानीय जनप्रतिनिधी, सम्बन्धित निर्माण व्यवसायी र ठेक्का कार्यान्वयन गराउने नगरपालिकाका प्राबिधिकहरुको उपस्थितिमा गुणस्तर परीक्षण नतिजा बाहेक खुद नापजाँचबाट निर्धारित शर्त तथा मापदण्डविपरीत निर्माण कार्य गराइएको देखिएको प्रतिवेदन सम्बन्धमा अनुसन्धान हुँदा प्रमुख प्रशासकीय अधिकृत खेमराज बिष्ट र देव राज जोशीले प्राबिधिकको कार्यक्षेत्रमा प्रवेश गरी गलत तथा गुणस्तरहीन कार्यको नापी किताबमा समेत सहमति जनाई हानिनोक्सानीमा संलग्न रहेको, इन्जिनियर र सबईन्जिनियरले गुणस्तरहीन कार्य गराई, नापी किताबमा वास्तविक कार्यभन्दा बढी परिमाण उल्लेख गरी मूल्याङ्कन गरेको, साथै निर्माण व्यवसायीले गुणस्तरहीन कार्य र बढी भुक्तानी लिई नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको देखिन आएको हुँदा देहायबमोजिमको कसूरमा सजायको मागदावी लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

**(क) गोदावरी नगरपालिका, कैलालीका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत खेमराज बिष्टले** स्पेसिफिकेसन तथा संझौतामा उल्लेख भएबमोजिम सुपरीवेक्षण गर्न, गुणस्तर कायम गर्न र यथार्थ कार्यको नापजाँच गर्नका लागि सम्बन्धित साईट इन्जिनियर/प्राविधिकलाई जिम्मेवारी नतोकी नापी किताबमा सही गरी सहमति जनाई गुणस्तरहीन बेस कोर्स र सब-बेसकोर्सको कार्य गराएको र प्रिमिक्स कार्यमा तोकिएबमोजिमको मोटाइको कार्य नगरी वास्तविक कार्यभन्दा बढी कार्यलाई स्तरयुक्त नाप देखाई मूल्याङ्कनमा प्रत्यक्ष सहभागी भई रु.३६,९१,९२२।६२ हानिनोक्सानी गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएकोले निजलाई भष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ख), (ग) र (ङ) बमोजिमको कसूरमा बिगो रु.३६,९१,९२२।६२ (छत्तीस लाख एकान्बे हजार नौ सय बीस रुपैयाँ बैसठ्ठी पैसा) कायम गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन तथा ऐ. ऐनको ऐ. दफा उपदफा वमोजिम विगो असुलउपर गरी पाउन मागदावी लिइएको छ ।

**(ख) गोदावरी नगरपालिका, कैलालीका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत देवराज जोशीले** स्पेसिफिकेसन तथा संझौतामा उल्लेख भएबमोजिम सुपरीवेक्षण गर्न, गुणस्तर कायम गर्न र यथार्थ कार्यको नापजाँच गर्नका लागि सम्बन्धित साईट इन्जिनियर/प्राविधिकलाई जिम्मेवारी नतोकी नापी किताबमा सही गरी सहमति जनाई गुणस्तरहीन बेस कोर्स र सब-बेसकोर्सको कार्य गराएको र प्रिमिक्स कार्यमा तोकिएबमोजिमको मोटाइको कार्य नगरी वास्तविक कार्यभन्दा बढी कार्य नाप देखाई मूल्याङ्कनमा प्रत्यक्ष सहभागी भई रु.४५,२२,३०६।५५ हानिनोक्सानी गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएकोले निजलाई भष्ट्राचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ख), (ग) र (ङ) बमोजिमको कसूरमा बिगो रु.४५,२२,३०६।५५ (पैतालीस लाख बाइस हजार तीन सय छ रुपैयाँ पचपन्न पैसा) कायम गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन तथा ऐ. ऐनको ऐ. दफा उपदफा वमोजिम विगो असुलउपर गरी पाउन मागदावी लिइएको छ ।

**(ग) गोदावरी नगरपालिका, कैलालीका तत्कालीन इन्जिनियर पुर्ण कुँवरले** गुणस्तरीय निर्माण सामग्रीको प्रयोग गरी वास्ताविक कार्य सम्पादन गराई सो चेक जाँच गरी मूल्याङ्कन प्रतिवेदन पेश गर्नुपर्नेमा निजले पदीय जिम्मेवारी बमोजिम सुपरीवेक्षण गर्न नसकेको र नापी किताबमा सही गरी गुणस्तरहीन बेस र सबबेस कोर्सको प्रयोग गरी कार्य गराउन र प्रिमिक्स कार्यमा वास्तविक कार्यभन्दा बढी कार्य नाप देखाई मूल्याङ्कनमा प्रत्यक्ष सहभागी भई रु.८२,१४,२२९।१७ हानिनोक्सानी गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएकोले निजलाई भष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ख), (ग) र (ङ) बमोजिमको कसूरमा बिगो रकम रु.८२,१४,२२९।१७

(बयासी लाख चौध हजार दुई सय उनन्तीस रुपैया सत्र पैसा) कायम गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन तथा ऐ. ऐनको ऐ. दफा उपदफा वमोजिम विगो असुलउपर गरी पाउन मागदावी लिइएको छ ।

**(घ) गोदावरी नगरपालिका, कैलालीका तत्कालीन सब-इन्जिनियर राम चन्द्र भण्डारीले** स्पेसिफिकेसन बमोजिम कार्य गराई तथा वास्ताविक निर्माण कार्य सम्पादनको आधारमा नापी किताब तयार गरी मूल्याङ्कन पेश गर्नुपर्नेमा पदिय दायित्व विपरीत गुणस्तरहीन बेस र सबबेस कोर्सको प्रयोग गरी निर्माण कार्य गराएको र प्रिमिक्स कार्यमा वास्तविक कार्यभन्दा बढी कार्य नाप देखाई मूल्याङ्कनमा प्रत्यक्ष सहभागी भई र रु.२५,१०,४५७।२१ हानिनोक्सानी गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएकोले निजलाई भष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ख), (ग) र (ङ) बमोजिमको कसूरमा बिगो रु.२५,१०,४५७।२१ (पच्चीस लाख दस हजार चार सय सन्ताउन्न रुपैया एक्काइस पैसा) कायम गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन तथा ऐ. ऐनको ऐ. दफा उपदफा वमोजिम विगो असुलउपर गरी पाउन मागदावी लिइएको छ ।

**(ङ) गोदावरी नगरपालिका, कैलालीका तत्कालीन सब-इन्जिनियर नरेन्द्र शाहीले** स्पेसिफिकेसन बमोजिम कार्य गराई तथा वास्ताविक निर्माण कार्य सम्पादनको आधारमा नापी किताब तयार गरी मूल्याङ्कन पेश गर्नुपर्नेमा पदीय दायित्व विपरीत गुणस्तरहीन बेस र सबबेस कोर्सको प्रयोग गरी निर्माण कार्य गराएको र प्रिमिक्स कार्यमा वास्तविक कार्यभन्दा बढी कार्य नाप देखाई मूल्याङ्कनमा प्रत्यक्ष सहभागी भई र रु.१७,५६,५१९।७३ हानिनोक्सानी गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएकोले निजलाई भष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ख), (ग) र (ङ) बमोजिमको कसूरमा बिगो रू.१७,५६,५१९।७३ (सत्र लाख छपन्न हजार पाँच सय उन्नाइस रुपैयाँ त्रिहत्तर पैसा) कायम गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन तथा ऐ. ऐनको ऐ. दफा उपदफा वमोजिम विगो असुलउपर गरी पाउन मागदावी लिइएको छ ।

**(च) गोदावरी नगरपालिका, कैलालीका तत्कालीन सब-इन्जिनियर राजेन्द्र भण्डारीले** स्पेसिफिकेसन बमोजिम कार्य गराई तथा वास्ताविक निर्माण कार्य सम्पादनको आधारमा नापी किताब तयार गरी मूल्याङ्कन पेश गर्नुपर्नेमा पदीय दायित्व विपरीत गुणस्तरहीन बेस र सब-बेसकोर्सको प्रयोग गरी निर्माण कार्य गराएको र प्रिमिक्स कार्यमा वास्तविक कार्यभन्दा बढी कार्य नाप देखाई मूल्याङ्कनमा प्रत्यक्ष सहभागी भई रु. ३६,०७,१३९।१० हानिनोक्सानी गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएकोले निजलाई भष्टाचार निवारण ऐन, २०५९ को दफा ८ उपदफा (१) को देहाय (ख), (ग) र (ङ) बमोजिमको कसूरमा निजलाई बिगो रु. ३६,०७,१३९।१० (छत्तसी लाख सात हजार एक सय उन्चालीस रुपैयाँ दश पैसा) कायम गरी ऐ. ऐनको दफा ८ उपदफा (१) बमोजिम सजाय हुन तथा ऐ. ऐनको ऐ. दफा उपदफा वमोजिम विगो असुलउपर गरी पाउन मागदावी लिइएको छ ।

**(छ) प्राबिधिक पूर्वाधार कार्यालयमा कार्यरत ल्याब टेक्निसियन धन बहादुर बिष्ट**ले गुणस्तरहीन बेस कोर्स र सब-बेसकोर्सको कार्यलाई स्तरयुक्त कार्य देखाउन टेष्ट रिपोर्ट बनाई गलत प्रतिवेदन पेश गरी रु.७४,४१,८५५।२९ हानिनोक्सानी गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएकोले निजलाई भष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा ऐ. ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुने गरी पाउन मागदावी लिइएको छ ।

**(ज) निर्माण व्यवसायी डम्बर चन्दले** संझौताबमोजिम बेस कोर्स र सब-बेसकोर्सको गुणस्तरीय कार्य गर्नुपर्नेमा सो नगरी गुणस्तरहीन कार्य गरेको र प्रिमिक्स कार्यमा तोकिएबमोजिमको मोटाईको कार्य नगरी वास्ताविक कार्य सम्पादनभन्दा बढीको नापी पेश गरी भुक्तानी लिई रु.८२,१४,२२९।१७ हानिनोक्सानी गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएकोले उक्त बिगो मध्ये निज प्रतिवादी डम्बर चन्दले रू.७,८०,१९२।- गोदावरी नगर पालिकाको आन्तरिक राजस्व खातामा जम्मा गरेकोले असुल हुनुपर्ने बिगो रु.८२,१४,२२९।१७ मध्ये निजले जम्मा गरेको रकम रु.७,८०,१९२।- घटाई हुन आउने रकम रू.७४,३४,०३७।१७ (चौहत्तर लाख चौतीस हजार सैतीस रुपैयाँ सत्र पैसा) विगो कायम गरी भष्ट्राचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन मागदावी लिने साथै सोही ऐनको दफा ८ को उपदफा (४) वमोजिम बिगो असुलउपर हुन समेतको मागदावी लिइएको छ ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी